फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
सूचना नं.: ८९

मितिः २०८३/०३/१७

## तहवृद्धिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

उपर्युक्त विषयमा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पूरा भएका तथा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९५ प्रतिशत अङ्क वा सो भन्दा भन्दा बढी अंक प्राप्त गरेका र दफा ३९ अनुसार सेवा अवधि पूरा गरेका तथा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह, उपसमूह भित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तहवृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह, उपसमूहको पदमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले नियमावलीको अनुसूची १५ बमोजिमको तह वृद्धिको आवेदन फाराममा उल्लेखित विवरण खुलाई २ प्रति (नेपाली कागजमा) प्रिन्ट गरी ७ (सात) दिनभित्र तपसिलका कागजातहरु सहित कार्यालयको प्रशासन, योजना तथा आन्तरिक व्यवस्थापन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथी कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

१. गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची-१५ बमोजिमको आवेदन फाराम।
२. नियुक्ति पत्रको प्रतिलिपी र समायोजन भएका कर्मचारीहरुको हकमा समायोजन पत्रको प्रतिलिपी।
३. सरुवा तथा कामकाजको लागि खटिएका कर्मचारीहरुको हकमा सरुवा वा कामकाजमा खटाइएको पत्र।
४. गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि योग्य भएको र दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेको स्वघोषणा।
५. आवेदन फाराममा निर्दिष्ट गरेका कुराहरु स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ।
६. २०८३ असार मसान्तसम्म तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिएको न्यूनतम सेवा अवधि पुरा हुने कर्मचारीहरुले समेत आवेदन फाराम भर्न सक्नेछन।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत